# खाँडाचक्र नगरपालिकाको
# उद्योग ऐन, २०७८

स्वीकृत मिति : २०७८/०३/१०

**प्रस्तावना** : अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिदै निजी क्षेत्रको सहभागितामा स्रोतको अधिकतम परिचालन, उत्पादन, बिक्रीबितरण गरी आर्थिक समृद्धि हाँसिल गर्न, समृद्धि र विकासमा बहुसंख्यक जनताको पहुच स्थापना गर्न, मार्ग निर्देशन गर्न, स्थानीय श्रम, सिप तथा स्रोत साधनको अधिकतम परिचालन गर्दै दिगो औद्योगिक विकास गर्न उद्योगहरूको प्रवर्द्धन गर्न वन्छनिय भएकोले नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (११) को उपदफा (५) को खण्ड (घ) को उपखण्ड (७) को अधिकार प्रयोग नेपालको संविधानको धारा २२६ र स्थानिय सकरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) ले दिएको अधिकारमा रही नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद –१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनेको नाम ‘उद्योग ऐन, २०७८’ रहेको छ ।

(२) यो ऐन खाँडाचक्र नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिवाट लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) ‘उद्योग’ नगरपालिकाको कार्य क्षेत्रभित्र सञ्चालन हुने लघु, घरेलु तथा साना उद्योग सम्झनु पर्दछ ।

(ख) ‘उद्योग नियमन शाखा’ भन्नाले नगरपालिकाको उद्योग सम्बन्धि विषय हेर्ने शाखा वा इकाईलाई सम्झनु पर्दछ ।

(ग) ‘कार्यपालिका’ भन्नाले नगरे कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) ‘नगरपालिका’ भन्नाले खाँडाचक्र नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) ‘प्रमुख प्रशासकीय अधिकृत’ भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) ‘सभा’ भन्नाले खाँडाचक्र नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(छ) ‘निर्देशक समिति’ भन्नाले दफा ८ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(ज) ‘ऐन’ भन्नाले खाँडाचक्र नगरपालिकाको उद्योग ऐन, २०७८ लाई सम्झनु पर्दछ ।

## परिच्छेद –२
## उद्योग दर्ता तथा नविकरण सम्बन्धि व्यवस्था

३. उद्योग सम्बन्धि ब्यवस्था :

(१) उद्योग व्यवसाय, सेवा र पेशाजन्य क्रियाकलापहरू नगरपालिका भित्र सञ्चालन गर्नका लागि यस ऐनले निर्देशन गरे बमोजिम दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(२) उद्योग दर्ता गर्नका लागि अनुसूचि (१) मा तोकिए बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्ने छ ।

(३) पेश गरेको निवेदनको आधारमा आवश्यक कारवाही गरी नगरपालिकाले उद्योग ब्यवसायीलाई अनुसूचि (२) बमोजिमको ढाँचामा उद्योग ब्यवसाय दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

(४) तर, व्यवसाय गर्नु पूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमती लिनुपर्ने अवस्थामा सम्वन्धित निकायबाट अनुमति लिनुपर्ने दायित्व सम्वन्धित उद्योग सञ्चालकको हुने छ ।

(५) उद्योग ब्यवसाय सञ्चालित स्थानमा दर्ता प्रमाणपत्र अनिवार्य रुपमा सबैले देख्नेगरी टाँस गरीएको हुनु पर्नेछ ।

४. **उद्योग दर्ता गर्न आवश्यक कागजातहरू :**

(१) उद्योग सञ्चालकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

(२) अनुसूचि (१) बमोजिमको निवेदन,

(३) कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाण पत्र, प्रबन्ध पत्र तथा नियमावलीको र शेयर लगातको प्रतिलिपि,

(४) उद्योग रहने स्थानको वडा कार्यालयबाट चार किल्ला प्रमाणीतको कागजात र संधियारको सहमति पत्र,

(५) जग्गा धनि दर्ता प्रमाण पत्रको प्रतिलिपि र जग्गा भडामा भए कम्तिमा १० बर्षको अवधीलाई जग्ग भाडामा लिएको करार कागज,

(६) सम्बन्धित निकायको सिफारिस आवश्यक पर्ने भए रित पूर्वकको सर्जमिन मुचुल्का,

(७) अनुसूचि (४) बमोजिमको दस्तुर बुझाएको सक्कल रसिद ।

(८) कार्यालयले आवश्यक ठानि पेशगर्न लिखितरुपमा दिएमा अन्य त्यस्ता कागजात ।

५. वन पैदावारमा आधारित उद्योग सम्बन्धि थप व्यवस्थाः

(१) वनमा आधारित उद्योगहरू भएमा देहायको मापदण्ड पुरा हुनुपर्नेछ,

(क) वन जंगलमा कुनैपनि हानिनोक्सानि नपुराई काठ/दाउराको प्रयोग नगरी सम्वन्धित वनस्पतिबाट तेल निकाल्ने उद्योगहरूको हकमा न्यूनतम दुरीको प्रावधान नलाग्ने तर त्यस्ता उद्योगको स्थापना गर्दा डिभिजन वन कार्यालयको सहमति लिनु पर्नेछ,

(ख) औद्योगिक क्षेत्र भित्र सञ्चालन हुने वन पैदावारमा आधारित उद्योगका हकमा दुरी नलाग्नेछ,

(ग) क्रसर उद्योगको लागि संघिय सरकार वा प्रदेश सरकारको मापदण्ड बमोजिमको दरी हुनु पर्नेछ ।

(घ) ईटा जन्य उद्योगको हकमा यो ऐन लागु हुनु पूर्व स्थापनाभई सञ्चालनमा आएका उद्योग बाहेक अब उप्रान्त नगरक्षेत्र भित्र नयाँ उद्योग दर्ता गर्न पाइने छैन ।

(ङ) प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नु पर्ने उद्योगको हकमा प्रचलित कानून वमोजिम प्रक्रिया पूरा गर्नुपर्नेछ ।

(च) क्रसर उद्योगको लागि जग्गा भाडामा लिई सञ्चालन गर्ने भएमा जग्गा धनी सँग कम्तिमा ५ वर्षको सम्झौता हुनुपर्नेछ ।

६. नविकरण :

(१) प्राईभेट तथा साझेदारी फर्मको म्याद सकिएको मितिले ३ महिना भित्र नविकरण गर्दा जरिवाना लाग्ने छैन् ।

(२) ३ महिना देखि १ वर्ष भित्र नविकरण दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

(३) १ वर्ष पछि तेब्वर दस्तुर र प्रति वर्षको दर्ता शुल्क वरावर रकम लाग्ने छ ।

(४) दर्ता तथा नविकरण सम्बन्धि दस्तुर अनुसूचि (४) बमोजिम हुनेछ सो दर निर्देशक समितिले हेरफेर गर्न सक्नेछ ।

७. उद्योगको पूँजी बृद्धि, उद्देश्य थप, नामसारी, नाम परिवर्तन तथा ठाउँसारी सम्बन्धि प्रकृया र मापदण्ड :

(१) पूँजी तथा क्षमता बृद्धि, उद्देश्य थप, नाम परिवर्तन तथा ठाउँसारीको लागी कारण सहितको निवेदन,

(२) संसोधित स्किम (परियोजना),

(३) उद्योग ब्यवसाय दर्ता प्रमाणको सक्कल प्रमाण पत्र,

(४) आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र,

(५) कार्यालयको रोहवरमा सनाखन सहितको हक छोड पत्र,

(६) नामसारी गरी लिने ब्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

(७) पासपोर्ट साइजको फोटो २ प्रति ।

परिच्छेद –३

## उद्योग व्यवस्थापन निर्देशक समिति

८. उद्योग व्यवस्थापन निर्देशक समिति :

(१) नगरपालिका भित्र दर्ता भई सञ्चालनमा रहेका लघु, घरेलु तथा साना उद्योग ब्यवसायहरूको सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यहरूका लागी मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

(क) नगर प्रमुख –अध्यक्ष

(ख) नगर उपप्रमुख –सदस्य

(ग) आर्थिक विकास समितिका संयोजक –सदस्य

(घ) कार्यपालिकाले तोकेका दुई जना कार्यपालिका सदस्य –सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(च) सम्बन्धित शाखा प्रमुख –सदस्य सचिव

(२) समितिको बैठक सञ्चालन, भत्ता सुविधा समितिले तयार गरे बमोजिम हुनेछ ।

(३) यस ऐनमा उल्लेख भए बाहेकका विषयमा निर्णय वा निर्देशन गर्नु परेमा यसै समितिको निर्णय बमोजिम हुनेछ ।

९. उद्योग व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

(१) उद्योगहरूको अनुमति इजाजत प्रदान गर्ने,

(२) उद्योग व्यवसायको क्षेत्राधिकार भित्र प्रचलित कानून अनुसार ठाउसारी, नामसारी, पूँजी बृद्धि, क्षमता बृद्धि, संसोधन तथा उद्देश्य थप गर्ने ।

(३) उद्योगको प्रकृतिअनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) कार्य गर्ने/गराउने,

(४) स्थानीय उद्योग सम्बन्धि स्तरमा विभिन्न छुट सहुलियत दिने,

(५) उद्योग प्रशासनलाई सरल र सक्षम बनाउन आवश्यक पर्ने कार्य गर्ने,

(६) सम्भाव्य उद्योगहरूको प्रविधि विस्तार सम्बन्धि कार्य गर्ने,

(७) उद्योगहरूको कामको आधारमा परामर्श प्रदान गर्ने,

(८) सीप विकास तथा उद्यमशिलता विकास कार्यक्रमको योजना तयार गरी सञ्चालन गर्ने,

(९) उद्योग व्यवसायको तथ्याङ्क सूची अध्यावधिक गर्ने ।

## परिच्छेद –४
## विविध

१०. **उद्योगको वर्गीकरण** : नगरपालिकाबाट दर्ता हुने उद्योगहरूको देहाय बमोजिम बर्गीकरण गरि अनुसूचि (३) बमोजिमको ढाँचामा उद्योग दर्ताको जानकारी दिइनेछ ।

(क) **प्राकृतिक स्रोत–साधनसँग सम्वन्धित उद्योगहरू** : प्राकृतिक स्रोत

उत्खनन् गर्ने, प्रयोग गर्ने वस्तु र सेवा प्रवाह गनै उद्योग, बालुवा प्रशोधन, क्रसर उद्योग, ह्युम पाइप, ब्लक रिङ कंक्रिट, समिल, फर्निचर, खानी ग्रेनाइट उद्योग, उत्पादन र प्रसोधन संवन्धि उद्योग ।

(ख) **सेवा प्रवाहसँग सम्बन्धित उद्योगहरू** : आवासीय होटल, रेष्टुरेन्ट, चिया र कफि पसल, पर्यटन प्रवर्द्धन गर्ने ब्यवसाय, सुन्दरताजन्य ब्यवसाय(ब्यूटी पार्लर), निर्माण सेवा उद्योग, सूचना तथा सञ्चार सेवा, मनोरञ्जन तथा साँस्कृतिक र खेलकुद सेवा, कार्यशाला  वर्कसप, छापा खाना, सार्वजनिक परिवहन अन्तरगत ढुवानी सेवा, मोवाइल टेलीफोन सेवा, यातायात सेवा, सामान आयात गरी रिप्याकिङ जस्ता सेवा ब्यवसायहरू ।

(ग) **दैनिक उपभोग्य वस्तुको उत्पादन तथा बिक्री वितरणसँग सम्वन्धित उद्योगहरू** : कुटानी पिसानी मिल, नर्सरी तथा तरकारी फर्म, पेय पदार्थ उत्पादन, दूग्ध जन्य पदार्थ उत्पादन तथा गार्मेन्ट जस्ता उद्योगहरू ।

(घ) मेसिनरी सामान निर्माण, मर्मत र बिक्री सम्बन्धि ग्यारेजहरू,

(ङ) **मानव तथा जैविक स्वास्थ्य उद्योगहरू** : फार्मेसी, कृषि तथा पशु स्वास्थ्य फर्म, स्वास्थ्य तथा सामाजिक सेवा, अस्पताल, क्लिनिक ।

(च) ज्ञान र सिप सिकाउने उद्योगहरूः तालिम केन्द्र, प्रशिक्षण केन्द्र, सिलाईकटाई सेन्टर ।

**११. प्रोत्साहन र सहजिकरण सम्बन्धि व्यवस्था** :

(१) कृषि जन्य उद्योग ब्यवसाय सञ्चालन गर्ने स्थानीयलाई प्रोत्साहान गरिनेछ ।

(२) स्थानीय वासिन्दालाई रोजगारी प्रदान गर्नुका साथै स्थानीय स्तरमा भएको उत्पादनलाई बजार ब्यवस्थापन गर्न र उद्योग ब्यवसाय स्थापना गर्न भौतिक पूर्वाधार निर्माण गर्न नगरपालिकाले सहुलियत उपलब्ध गराउन सक्ने छ ।

(३) महिला, सीमान्तकृत, उत्पिडित, विपन्न, युवालगायतका लक्षित

वर्गलाई उद्यमशिलता प्रवर्द्धनका लागि तालिम र अनुदानको ब्यवस्था गर्न सकिने छ ।

**१२. श्रमिक सम्बन्धि व्यवस्था:**

(१) नगरपालिका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण उद्योग ब्यवसायीले नेपालको प्रचलित श्रम ऐन तथा कानूनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(२) प्रधानमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका श्रमिकलाई प्राथमिकता दिनुपर्ने छ ।

**१३. वातावरणीय परीक्षण सम्बन्धि व्यवस्था** : यस ऐन बमोजिम कुनै उद्योग स्थापना गर्न वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षण गर्न पर्ने भएमा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

**१४. सामाजिक उत्तरदायित्व र प्रोत्साहान** :

(१) प्रत्येक उद्योगले नगरक्षेत्र भित्र तोकिए बमोजिम सामाजिक उत्तरदायित्वको रुपमा योगदान गर्नु पर्ने छ ।

(२) उद्योग स्थापना भएको मितिले २ बर्ष सम्म उद्योगको आम्दानीको प्रकृती हेरी तत्काल मुनाफा नहुने वा कुनै कारणवस समश्याग्रस्त भएको उद्योग भए यस्ता उद्योगलाई सञ्चालन प्रोत्साहानको लागि नविकरण शुल्क मिनाहा वा अन्य हिसावले उपयुक्त सहयोग गरिर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको सुविधा पाउन समश्या ग्रस्ता उद्योगीले समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(४) समिति समक्ष प्रोत्साहान र सहयोगकोलागि निवेदन दिने समश्या ग्रस्त उद्योगिले उद्योगमा भएको समश्याको प्रमाण, आधार खुलाई उद्योगलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने योजना सहित पेश गर्नु पर्नेछ ।

(५) समितिलाई निवेदन साथ पेश भएका प्रमाण र भावि कार्ययोजना उपयुक्त लागेमा निर्णय गरी प्रोत्साहान र सहयोग गर्नुपर्नेछ ।

**१५. उद्योगको खारेजी तथा नियमन सम्बन्धि व्यवस्था :**

(१) देहायको अवस्थामा दर्ता भएका उद्योगको दर्ता खारेजीगर्न सकिनेछ :

(क) प्रचलित ऐन कानूनी प्रकृया र मापदण्ड पूरा नगरी सञ्चालन गरेमा,

(ख) पाँच वर्षसम्म नविकरण नगरेमा,

(२) उपदफा (१) बमोजिम उद्योग खारेजभएको हकमा खारेज भएको १ वर्ष भन्दा अघि सोहि व्यक्ति, कम्पनी वा फर्मको नाममा नगर भित्र कुनैपनि उद्योग दर्ता गर्न पाइने छैन ।

(३) अनुगमन र निर्देशक समितिले निर्णय गरी दिएको अन्य अवस्था भए ।

**१६. बाधा अड्काउ फुकाउ** : यो कार्य विधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत ब्यवहारीक वा कार्य सम्पादनसंवन्धी समस्या आई परेमा कार्यपालिका वा निर्देशक समितले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१७. खारेजी तथा बचाउ** :

(१) उद्योग दर्ता तथा नविकरण सम्बन्धि यस अघि नगरपालिकाबाट भए गरेका निर्णय, नियम तथा ऐन खारेज गरिएको छ ।

(२) यो ऐन जारी हुनु पूर्व नगरपालिका वा अन्य निकायमा दर्ता नविकरण भएका उद्योगहरूको दर्ता यसै ऐन बमोजिम भएको मानिनेछ ।

**१८. ऐन संशोधन** : यस ऐनमा आवश्यक संशोधन नगरपालिकाको नगरसभाले गर्न सक्नेछ ।

१९. नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने : यस ऐनको कार्यान्वयन गर्नकोलागि कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र आचारसंहिता बनाई लागू गर्न सक्नेछ ।

## अनुसूची–१
## दफा ४(२) सँग सम्बन्धित उद्योग ब्यवसाय दर्ता सम्बन्धी निवेदन फारम

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
खाँडाचक्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय
कालिकोट ।

विषय : लघु, घरेलु तथा साना उद्योग दर्ता गरी पाउँ ।

मैले/हामीले निम्न स्थानमा.................................................उद्योग दर्ता गर्न लागेकाले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौ । खाँडाचक्र नगरपालिकाको लघु, घरेलु तथा साना उद्योग सञ्चालन र नियमन कार्य विधिले तोकेको मापदण्ड सहितको दस्तुर वुझाउन तथा खाँडाचक्र नगरपालिकाबाट समय समयमा दिइने आदेश र निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौ । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरण ठिक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौ ।

(क) सञ्चालकको नाम (व्यक्ति वा कम्पनी वा फर्म) :
द.नं: नागरिकता नं:
फर्म वा कम्पनिको हकमा मुख्य ब्यक्तिको नाम :

(ख) स्थायी ठेगाना .................... जिल्ला ............ न.पा ..................
वडा नं. .......... मार्ग ........................................... घर नं:..........

(ग) बाबुको नाम थर .................................. बाजे............................

(घ) व्यवसाय रहने स्थानको ठेगाना ............................. वडा नं. ..........
मार्ग .................... घर नं. ................... वेव साइड ..................

(ङ) सम्पर्क फोन नं. ......................... इमेल ....................................

(च) भाडामा रहेको भए व्यवसाय रहने घर जग्गा धनीको नाम थर ..........
............................. ठेगाना ................................ वडा नं. .......
मार्ग ............................................... घर नं. ..........

छ) व्यवसायको विवरण र प्रकृतिः

(ज) पुँजी लगानी :

कूल पुँजी लगानी .............................. स्थिर पुँजी ..........................

चालू पुँजी.......................... वार्षिक उत्पादन क्षमता रु..................

(झ) फर्म वा कम्पनिको नाम : ..................................................

(ञ) परिचय पाटीको साइज : ...................लम्वाई ...............चौडाई ......................... वर्ग फिट ..........................

(ट) अन्य दर्ता भएको भए दर्ता नं ...................................................

कार्यालय........................................................................

(ठ) उद्योगको कानूनी रुप(फर्म) :

(१) निजि (     )     (२) साझेदारी (     )   (३) प्रा.लि. (     )

(ड) उद्योगको वर्ग :

(१) प्राकृतिक स्रोतसाधन संग सम्वन्धित (     )

(२) सेवा प्रवाह संग सम्वन्धित (   )

(३) दैनिक उपभोग्य वस्तुको उत्पादन तथा बिक्री वितरणसँग सम्बन्धित : (   )

(४) मेसिनरी सामान निर्माण, मर्मत र बिक्रिसंग सम्वन्धित : (   )

(५) मानव तथा जैविक स्वास्थ्य संग सम्वन्धित : (   )

(६) ज्ञान, सीपसँग सम्वन्धित : (   )

<u>पूँजी तथा क्षमता वृद्धि भए (पूँजी वृद्धिको लागि)</u>

साविक पूँजी ............................ प्रस्तावित स्थिर पूँजी ..........................

प्रस्तावित कूल पूँजी............................. जम्मा ................................

(ढ) आवश्यक जनशक्ति : प्राविधिक :....... अप्राविधिक :...........अन्य.......

(ण) संलग्न गर्नु पर्ने कागजातः

☞ आफ्नै घर जग्गा भए जग्गा धनि प्रमाण पत्रको प्रतिलिपि,

☞ भाडामा वस्ने भए भाडा रकम र भुक्तानि तालिका समेत खुलेको घर वहालकर सम्झौता पत्र,

- ☞ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, विदेशी नागरिकको हकमा नेपाल स्थीत राजदुतावासबाट ब्यवसायको नाममा गरीएको कागज,
- ☞ कर दाताको हालसालैको पासपोर्ट साइजको फोटो २ प्रति,
- ☞ फर्म कम्पनि भएमा दर्ता इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व. सम्मको कर तिरेको कर दाता प्रमाण पत्रको प्रतिलिपि ।

फोन नं. :<br>
मिति :<br>
दरखास्तवालाको नाम :<br>
हस्ताक्षरः<br>
औठा छापः

## कार्यालय प्रयोजनका लागि

निवेदन दस्तुर .................................... दर्ता दस्तुर ...........................<br>
उद्योग ब्यवसाय कर ...................... परिचय पाटी दस्तुर.......................<br>
जरीवाना ....................................... जम्मा रकम ................................<br>
मितिः

ठीक छ भनि प्रमाणीत गर्ने                                        स्वीकृत गर्ने

**अनुसूची २**
**दफा ४ का (३) सँग सम्वन्धित**
**उद्योग दर्ता प्रमाण पत्र ।**

कर दाता नंः

दर्ता मिति ................................................ प्रमाण पत्र नं. ....................
जिल्ला .................................. न.पा. ........................ वडा नं ....... बस्ने
श्री ............................................... लाई खाँडाचक्र नगरपालिकाको उद्योग व्यवसाय दर्ता, नविकरण, सञ्चालन र नियमन कार्य विधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै खाँडाचक्र नगरपालिकाबाट समय समयमा दिइने आदेश र निर्देशन समेत पालना गर्न मन्जुर भएको निवेदन को आधारमा प्रा.फ./सा.फ./प्रा.लि फर्म रजिष्ट्रेशन गरी यो प्रमाण पत्र जारी गरिएकोछ ।

व्यवसायको नाम :
ब्यवसाय रहने स्थान : खाँडाचक्र नगरपालिका वडा नं ............. बाटोको नाम ............................ घर नं. ........ टोल नं. ............ व्यवसाय रहने घर र जग्गा धनीको नाम ............................................ ब्यवसायको प्रकृति ...................................... विवरण ........................... पूँजी लगानिः कुल पूँजी रु ......................... स्थिर पुँजी रु. ................ चालू पुँजी रु ..........................

..................................
स्वीकृत गर्नेको हस्ताक्षर

नविकरण प्रमाण

| नविकरण गर्ने कार्यालय | नविकरण अवधि | नविकरण दस्तुरको भौचर नं. र मिति | हस्ताक्षर |
|---|---|---|---|
| | | | |

**नोटः**

१. दर्ता भएको मितिले एक वर्ष पुगेपछी सम्बन्धित कार्यालयमा गई **३५** दिन भित्र नविकरण गर्नुपर्नेछ ।

२. उद्योग गरिआएको स्थान परिवर्तन गर्न परेमा वीरेन्द्रनगर नगरपालिकाबाट पूर्व स्वीकृती लिनुपर्नेछ

३. उद्योग बन्द गर्नुपरेमा वीरेन्द्रनगर नगरकार्यपालिकाको कार्यालयबाट बन्द भएको जनाउपत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल वसाली रुपमा कर लाग्ने छ ।

४ यो प्रमाणपत्र उद्योग गरेको स्थानमा सबैले देखिने गरी राखिनुपर्दछ र कर्मचारीले हेर्न चाहेको खण्डमा तुरुन्त देखाउनु पर्दछ ।

५. कुनैपनि किसिमको व्यवसायिक गतिविधीमा बाल श्रमिक प्रयोग गर्न पाईने छैन ।

६. उद्योगबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।

७. उद्योग सञ्चालनको सिलशिलामा नगरपालिकाबाट समय समयमा दिइने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

८. उल्लेखित सर्तनामाहरू पालना नगरेमा जुनसुकै बखत पनि यो प्रमाणपत्र रद्द गरिनेछ वा उद्योग व्यवसाय बन्द समेत गर्न सकिनेछ ।

९. यो प्रमाणपत्र दर्ता, नविकरण, सञ्चालन र नियमन प्रयोजनको लागि जारी गरिएको हो । प्रचलित कानूनबमोजिम दर्ता गरेर मात्र त्यस्तो कार्य सञ्चालन गर्नुपर्नेछ ।

## अनुसूची ३
## दफा (११) सँग सम्बन्धित

पत्र संख्या :
चलानी नं.:

मिति : ..............................

श्री ..............................................

..............................................

विषयः **उद्योग दर्ता गरिएको बारे ।**

तपाईले स्थिर पूँजी रु. ........................... र चालु पूँजी रु. ........................... समेत कुल पूँजी रु. ................. लगानी मा ................... बराबरको उत्पादन गर्ने उद्देश्यले जम्मा कामदार ................ जना राखी कर्णाली प्रदेश खाँडाचक्र नगरपालिका वडा नं. ......... मा उद्योग व्यवसाय स्थापना गर्ने गरी ......................................... नामको प्रा.फ/सा.फ/प्रा.लि. फर्म रजिष्ट्रेशन गरि पाउँ भनि दिनुभएको निवेदन उपर आवश्यक कारवाही हुँदा मिति .............................. को निर्णय अनुसार तपशीलका अनुसारका सर्त पालना गर्नेगरी रजिष्ट्रेशन गरिदिने भनि निर्णय भएको हुँदा तपाई समेतको नाममा दर्ता रजिष्ट्रेशन भएको प्रा.फ.नं. .............................. को सक्कल प्रमाणपत्र यसैपत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा जानकारी गराइन्छ ।

**उद्योग व्यवसायीले पालना गर्नुपर्ने सर्तहरू–**

१. उद्योग व्यवसाय गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चापदार्थ स्वयमंले व्यवस्था गर्नुपर्नेछ ।
२. उद्योगको साईनवोर्ड र फर्मको प्याडमा रजिष्ट्रेशन नं. अनिवार्य रुपले राख्नुपर्नेछ ।
३. नाबालकलाई काममा लगाउन पाईने छैन ।
४. छरछिमेकी कोही कसैलाई वाधा व्यवधान नपर्ने गरि काम गर्नुपर्नेछ ।
५. रात्री सिफ्ट सञ्चालन गर्दा पूर्व स्विकृती लिई मात्र सञ्चालन गर्नुपर्नेछ।

६. प्रधानमन्त्री स्वरोजगार कार्यक्रममा सूचिकृत भएका श्रमिकलाई प्राथमिक्ता दिनुपर्ने छ ।

८. उद्योग व्यवसाय सञ्चालन गर्दा वातावरण प्रदुषण हुन नदिन आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

९. तोकिएको सर्तहरू पालना नभएको पाइएमा प्रचलित कानून अनुसार बन्द गर्न सकिनेछ ।

..................................

स्वीकृत गर्नेको हस्ताक्षर

**वोधार्थ** :

श्री आन्तरिक राजश्व कार्यालय जुम्ला/सुर्खेत ।

## अनुसूची-४
## दफा ५ को (७) सँग सम्बन्धित
## व्यवसाय कर

(क) चुरोट, रक्सी, सवारी साधन विक्रेता, निमार्ण सामाग्री थोक तथा खुद्रा व्यापार

| वर्ग | पूँजी (रु) | दर्ता दस्तुर | नविकरण दस्तुर |
|---|---|---|---|
| क | रु. ३,००,०००। सम्म | रु. १०००। | रु. २००। |
| ख | रु. १०,००,०००। सम्म | रु. ३०००। | रु. ३००। |
| ग | रु. १०,००,०००। भन्दा माथि | रु. ५०००। | रु. ५००। |

(ख) ज्वेलरी, भिडीयो,क्यासेट,रिकर्डर तथा प्लेयर, कम्प्युटर, विधुतीय सामान, क्यामरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ, तयारी तथा अन्य कपडा व्यापार, दैनिक उपभोगका खाद्य पदार्थ थोक तथा खुद्रा व्यापार तथा पर्यटन, आवास, होटेल, रेष्टुराँ, रिसोर्ट, ट्राभल एजेन्सी,छापाखाना, परामर्श सेवा, चलचित्र व्यवसाय, सार्वजानिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाईसेवा, शीत भण्डार, सवारी साधन लगाएत अन्य मर्मत संभार सेवा आदी जस्ता र माथि नखुलेका अन्य उद्योग व्यवसाय

| वर्ग | पूँजी (रु) | दर्ता दस्तुर | नविकरण दस्तुर |
|---|---|---|---|
| क | रु. १,००,००० सम्म | रु. ५००। | रु. १००। |
| ख | रु. ३,००,००० सम्म | रु. १०००। | रु. २००। |
| ग | रु. १०,००,००० सम्म | रु. १५००। | रु. ३००। |
| घ | रु. १०,००,००० भन्दा माथि | रु. २०००। | रु. ५००। |

ग. उत्पादन मुलुक उद्योग, कृषि तथा वनजन्य, खनिज, उर्जामुलक उद्योग विभिन्न माल सामान उत्पादन गर्ने उद्योग व्यवसाय, कृषि तथा वनजन्य उद्योग व्यवसाय, जलस्रोत, वायु, सौर्यशक्ति, कोईला, प्राकृतिक तेल, ग्यास, वायोग्यास, तथा अन्य स्रोतहरू बाट उर्जा पैदा गर्ने उद्योग खनिज उद्योग व्यवसाय ।

| वर्ग | पूँजी(रु) | दर्ता दस्तुर | नविकरण दस्तुर |
|---|---|---|---|
| क | रु. १०,००,००० सम्म | रु. १०००। | रु. २००। |
| ख | रु. १०,००,००० भन्दा माथि | रु. २०००। | रु. ३००। |

घ. वित्तिय सेवा, विशेषज्ञ परामर्श सेवा, स्वास्थ्य सेवा सम्बन्धी व्यवसाय

| सि. न. | व्यवसाय | दर्ता दस्तुर | नविकरण दस्तुर |
|---|---|---|---|
| १ | नेपाल सरकारको पुर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने वाणिज्य बैंक | रु. ५००० | रु. ५०० |
| २ | आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | रु. ५००० | रु. ५०० |
| ३ | वित्तीय कम्पनी शाखा कार्यालय | रु. १००० | रु. २०० |
| ४ | विमा कम्पनी | रु. ५००० | रु. २०० |
| ५ | विदेशी मुद्रा सटही | रु. १००० | रु. २०० |
| ६ | धितोपत्र कारोबार | रु. १००० | रु. २०० |
| ७ | सहकारी बैंक/सहकारी संस्था | रु. १००० | रु. २०० |
| ८ | गैर सरकारी अस्पताल | रु. २५०० | रु. ३५० |
| ९ | नर्सिङ होम | रु. ५००० | रु. ५०० |
| १० | क्लिनिक तथा ल्याव | रु. २००० | रु. ३०० |
| ११ | चिकित्सक, कविराज, इन्जिनियर, कानुन व्यवसायी, लेखा परीक्षक, दन्त चिकित्सक, अनुसन्धानकर्ता तथा परामर्श दाता, कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर, वीमा एजेन्टसर्भेयर, अनुवादक, शेयर दलाल, पसु चिकीत्सक, संस्थागत पेन्टर | रु. ५०० | रु. १०० |

**आज्ञाले**
जसी प्रसाद चौलागाई
नि. प्रमुख प्रशासकीय अधिकृत